# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७२।४।६
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७२ साल आषाढ महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७२।३।१४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत , सि.न.पा.
श्री श्रीराम गुप्ता - शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १(एक)**

नगरपालिका कार्यालयको मिति २०७२।२।२५ मा विभिन्न खर्च शिर्षक तर्फ गरिएको रकमान्तर सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिका कार्यालयमा गठीत जाँचपाँस समितिको मिति २०७२।२।७, २।२६, ३।८ को बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना, परियोजना कार्यान्वयन इकाईको कार्यालय सञ्चालन गर्न आवश्यक सवारी साधन (मोटरसाईकल) १ थान खरीद गर्न ३ वटा फर्महरु संग दरभाउ पत्र माग गरिएकोमा २ वटा फर्महरुले मात्र पेश गरेको दरभाउपत्रको प्रस्ताव विवरण अध्ययनबाट प्राप्त नतिजा निम्नानुसार देखियो ।

**सामानको नाम : सवारी साधन (मोटरसाईकल) १ थान**

| नेपाल जनरल मार्केटिङ्ग प्रा.लि., सिद्धार्थनगर | सांग्रिला ट्रेड कन्सर्न, भैरहवा |
|---|---|
| १६९,५००।- (मू.अ.कर समेत) Super Splender | १९३,९००।- (मू.अ.कर समेत) Honda Shine DSS |
| | १८७,९००।- (मू.अ.कर समेत) Honda Shine DRS |

**निर्णय नं.४(चार)**

निर्णय नं. ३(तिन) मा उल्लेख भए अनुसार पेश हुन आएका दुई वटा दरभाउ पत्र मध्ये नेपाल जनरल मार्केटिङ्ग प्रा.लि., सिद्धार्थनगरको सबै भन्दा कम १ थान सुपर स्पलेण्डर मोटरसाईकलको रु. १,६९,५००।- ( मू.अ.कर समेत) दररेट पेश भएको हुँदा मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार संसोधित PAM/Project Administration Manual मा व्यवस्था भए अनुसारको शिर्षकको रकमबाट खर्च गर्ने गरी Shopping Method बाट खरीद गर्ने सहमतीको लागि PCO(Project CO-Ordination office) मार्फत ADB मा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

सिद्धार्थनगर नगरपालिकाको मिति २०७१।९।२८ मा सम्पन्न १८ औं नगरपरिषद्को प्रत्यायोजित अधिकार प्रायोग गरी राजश्व परामर्श समितिको मिति २०७२।३।६ गतेको सिफारिश बमोजिम न.पा. ले उठाउने पार्किङ्ग शुल्कको दर तपसिल बमोजिम कायम गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | सवारी साधनको नाम | दर(प्रति पटक) |
|---|---|---|
| १ | साईकल | रु ५।००(पाँच) |
| २ | मोटरसाईकल | रु १०।००(दस) |
| ३ | जिप, कार र भ्यान | रु २०।००(बिस) |



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ६(छ)**

आगामी आ.ब. २०७२/७३ मा पार्किङ्ग शुल्क उठाउने सम्बन्धमा राजश्व परामर्श समितिको मिति २०७२।३।६ को बैठकले सिफारिश गरे बमोजिम न.पा. क्षेत्र भित्रका देहायका स्थानहरुमा पाकिङ्ग शुल्क उठाउने गरी न्यूनतम ठेक्का अंक रु ७५,०००।०० (पचहत्तर हजार) कायम गरी शिलबन्दी दरभाउपत्र आव्हान गर्ने निर्णय गरियो ।

**पार्किङ्ग क्षेत्र**

१ आखा अस्पताल उत्तर रंगशाला सडकमा दक्षिण तर्फ एकतर्फी ।
२. हाटबजार क्षेत्र वरीपरी (हाटबजारको दिन बाहेक) ।
३. जिल्ला प्रशासन कार्यालयको आगाडीको खाली क्षेत्र ।

**निर्णय नं. ७(सात)**

सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक सडक तथा पेटीमा निर्माण सामाग्री तथा व्यवसायीक सामाग्रीहरु जथाभावी राखी आवात जावतमा कठिनाई हुनुका साथै सहरको सौन्दर्यमा समेत असर परेको हुँदा उक्त सामाग्रीहरु सार्वजनिक सडक तथा पेटीबाट हटाउन ७(सात) दिनको सूचना दिई प्रचार प्रसार गर्ने र तोकिएको समयमा समेत अटेर गरी नहटाउने व्यक्तीलाई स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १६५ को उपदफा १(घ) बमोजिम रु १५ हजार सम्म जरिवाना लिने निर्णय गरियो । साथै यस कार्यमा जिल्ला प्रहरी कार्यालय तथा ट्राफिक प्रहरी कार्यालयको समेत सहयोग लिई संयुक्त रुपमा यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८(आठ)**

सिद्धार्थनगर नगरपालिकामा गठित सुपरीवेक्षण तथा अनुगमन समितिको बैठकबाट विभिन्न वडाहरुमा सञ्चाल भएका योजनाहरु अनुगमन गर्दा देखिएका विषयबस्तुहरुलाई समेटेर दिनु भएको सुझावहरुलाई न.पा. का ई. मधु गौतमले मिति २०७२।१।२८ मा नगरपालिका समक्ष पेश गरेको प्रतिवेदन न.पा. बोर्ड बैठकमा प्रस्तुत भई जानकारी भयो । सुपरीवेक्षण तथा अनुगमन समितिका पदाधिकारीहरुले योजना अनुगमन गर्दा दिएका सुझावहरुलाई कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ९(नौ)**

यस नगरपालिकामा व्यवसाय दर्ता गरी विगत केही बर्ष अघि नै व्यवसाय बन्द गरेको तर न.पा. मा जानकारी नगराएका कारण बर्षेनी बक्यौता व्यवसायकर बढ्दै जाने हुँदा त्यस्ता व्यवसायीहरुको हकमा आन्तरिक राजश्व कार्यालय, बाणिज्य कार्यालय, घरेलु कार्यालय तथा बिद्युत प्राधिकरणले दिएको पत्रको आधारमा सोही मिति सम्म व्यवसाय कर असुल गरी लगत कट्टा गरी दिने । त्यस्तो प्रमाण पेश गर्न नसकेको हकमा वडा कार्यालयबाट यथार्थ व्यहोरा खुल्ने सर्जमिन मुचुल्का भै आएमा बाँकी रहेको कुल बक्यौता रकमको ३५ प्रतिशत रकम असुल गरी लगत कट्टा गरी दिने निर्णय गरियो ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. १०(दस)**

नगरपरिषद्को निर्णय अनुसार सिद्धार्थनगर नगरपालिका कार्यालयमा काम गर्ने उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने सन्दर्भमा निम्नानुसारको सूचक अनुसार कर्मचारीलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

**सूचकहरु**

१. कार्य सम्पादन मूल्याङ्कन फाराममा सतप्रतिशत अंक प्राप्त गरेको ।
२. मूल्याङ्कन अवधिमा कुनै किसिमको विभागिय सजाय नपाएको ।
३. २६६ दिन रुजु हाजिरी भएको ।
४. कार्यालयको पोशाक र परिचयपत्र नियमित रुपमा लगाउने गरेको ।
५. यस अघि पुरस्कार प्राप्त गरेको ३ बर्ष अवधि नाघी सकेको ।

**मिति २०७२।३।३० गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिकाको आ.ब. २०७२/७३ को लागि न.पा. को अठारौं नगरपरिषद्द्वारा स्वीकृत योजनाहरुको बार्षिक कार्यतालिका(कार्य योजना) स्वीकृत गरी सोही कार्य तालिका अनुसार योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकाको आ.ब. २०७२/७३ को लागि न.पा. को अठारौं नगरपरिषद्द्वारा स्वीकृत योजनाहरुको बार्षिक खरीद योजना स्वीकृत गरी सोही खरीद योजना अनुसार योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकाले मिति २०७२।३।२४ मा सम्पन्न गरेको सार्वजनिक सुनुवाईको अन्तिम प्रतिवेदन (मिति २०७२।३।२५ द.नं. २३३५५ मा) यस कार्यालयमा प्राप्त भई वोर्ड बैठकलाई जानकारी भयो । प्राप्त सुझावहरुलाई बार्षिक नीति तथा कार्यक्रममा क्रमशः समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

सिद्धार्थनगर नगरपालिका कार्यालयमा गठित जाँचपाँस समितिको मिति २०७२।३।१३, २०७२।३।१४, २०७२।३।२४, २०७२।३।२९ र २०७२।३।३० को बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

यस कार्यालयमा कार्यरत कर्मचारीहरुले आफ्नो विभिन्न कारण देखाई राजिनामा दिएको कारण केही पदहरु रिक्त भई दरबन्दी खाली भएको र यस कर्यालयको आन्तरिक आयको तुलनामा प्रशासनिक खर्च अत्यधिक भएको हुँदा पछि नगरपालिकालाई आवश्यक परेमा दरबन्दी थप गर्ने गरी हाललाई नगरपरिषद्बाट अनुमोदन गर्ने गरी निम्नानुसारका दरबन्दीहरु खारेज गर्ने निर्णय गरियो ।

**खारेजीमा परेका दरबन्दीहरु**

| | | |
|---|---|---|
| १. बारुणयन्त्र ईन्चार्ज ना.सु. (सहायक स्तर पाचौ) | पद संख्या | १(एक) |
| २. खरिदार (सहायक स्तर चौथो) | पद संख्या | २(दुई) |
| ३. कार्यालय सहयोगी (सहायक स्तर प्रथम) | पद संख्या | १(एक) |
| | जम्मा: | ४(चार) |

**निर्णय नं. ६(छ)**

स्थानीय स्वायत्त शासन नियमावली(संसोधित) २०५६ को नियम २७३(क) अनुसार गठन भई कायम रहेको सार्वजनिक नीजि क्षेत्र साझेदारी प्रवद्धन समितिका पदाधिकारीहरुको म्याद मिति २०७२ आषाढ मसान्तमा समाप्त भएको हुँदा सोही मिति देखि लागु हुने गरी २०७३ साल आषाढ मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७(सात)**

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१(१) तथा स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम नगरपालिकाले आ.ब २०७१/७२ मा सम्पादन गरेका समग्र कार्यसम्पादनको लेखा जोखा गर्न नयाँ आर्थिक बर्ष प्रारम्भ भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गर्नु पर्ने प्राबधान भए बमोजिम स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम यस नगरपालिकामा एक बर्ष सम्म सम्पादन गरेका कामहरुबाट पर्न गएको सामाजिक प्रभावको लेखा जोखा गरी प्रतिवेदन पेश गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np